# उच्च शिक्षा नीति र ऐन : एक विवेचना

**डा. त्रिरत्न मानन्धर**

आज भन्दा अट्ठाइस वर्ष अगाडि सम्म नेपालमा एउटै त्रिभुवन विश्वविद्यालय थियो र यसैले उच्च शिक्षाको सम्पूर्णभार वहन गरेको थियो । वि.सं. २०४३ मा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भए पछि नेपालले वहु विश्वविद्यालय पद्दतिमा प्रवेश गऱ्यो र हाल देशमा विभिन्न नौ वटा विश्वविद्यालयहरू संचालनमा रहेका छन् । यी विश्वविद्यालयहरूलाई दिइने सरकारी अनुदानको समुचित व्यवस्था गर्न तथा यिनका शैक्षिक स्तरको नियमित अनुगमन गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना भयो । विश्वविद्यालय अनुदान आयोग र विभिन्न विश्वविद्यालयहरू बीच समन्वय कायम गरी उच्च शिक्षालाई नयाँ दिशा दिन नेपाल सरकारले उच्च शिक्षा नीति जारी गर्न र त्यसै अनुरुप एउटा उच्च शिक्षा ऐन आउनु पर्ने आवश्यकता धेरै अगाडि देखि महसुस गरिए तापनि हाल सम्म यसले पूर्णता पाउन सकेको छैन । २०६७ मा नै व्यवस्थापिका संसदमा उच्च शिक्षा विधयेक प्रस्तुत गरिए तापनि हाल सम्म यसले ऐनको रुप लिन सकेको छैन भने २०७० मा विश्वविद्यालय अनुदान आयोगले तयार गरेको उच्च शिक्षा नीतिको प्रस्तावना अनुरुप उक्त विधयेकमा आवश्यक परिमार्जन हुनु पर्ने विज्ञहरूको धारणा रहेको पाइन्छ । प्रस्तुत पत्र (निवन्ध) मा उच्च शिक्षा नीतिको प्रस्तावना २०७० तथा प्रस्तावित उच्च शिक्षा ऐन २०६७ को समीक्षा गर्दै उच्च शिक्षामा देखापरेको समस्या केलाई समाधानका उपाय खोज्ने प्रयत्न गरिएकाछन् ।

**नेपालमा उच्च शिक्षाको इतिहास :–**

वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना भए संगै नेपालमा उच्च शिक्षाको सुरुआत भएको मानिन्छ । भारतको पटना विश्वविद्यालय अन्तर्गत संचालित यस कलेजमा सुरुमा कला संकाय अन्तर्गतका विषयहरूको अध्यापन हुन्थ्यो भने केही वर्ष पछि नै विज्ञानका पढाई पनि सुरु गरियो । धेरै वर्ष पछि बाणिज्य (हाल व्यवस्थापन) र कानून संकाय पनि थपिए र नयाँ कलेजहरू पनि स्थापना गरिए । सुरुमा इन्टरमेडियट (प्रमाणपत्र) तहको मात्रै पढाई हुने त्रिचन्द्र कलेजमा पछि गएर स्नातक तह का कक्षाहरू पनि संचालन भए भने कला र विज्ञान संकाय अन्तर्गत नयाँ विषयहरू पनि थपिदै गए ।

विसं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भए पछि पटना विश्वविद्यालय अन्तर्गत संचालनमा रहेका नेपालका सबै कलेजहरू त्रिभुवन विश्वविद्यालय अन्तर्गत आए, र २०१८ देखि स्नातकोत्तर तहका कक्षाहरू पनि संचालनमा आए । त्यतिबेला संचालनमा रहेका कलेजहरूलाई दुई भागमा बाड्न सकिन्छ । विश्वविद्यालयको आंगिक कलेजको रुपमा एक मात्र त्रि.वि. कलेज थियो जसमा केबल स्नातकोत्तर तहको मात्र पढाइ हुन्थ्यो, भने देश भित्रका अन्य सबै कलेजहरू त्रि.वि.बाट सम्बन्धन प्राप्त कलेजहरू थिए । यी कलेजहरू पनि दुइ प्रकारका थिए । एक थरी पूर्ण रुपमा सरकारी लगानिमा चल्ने केही कलेजहरू थिए भने अर्को तर्फ आंशिक सरकारी अनुदान प्राप्त गरी जनस्तरमा संचालित धेरै कलेजहरू रहेका थिए । समयको माग अनुसार प्राविधिक विषयहरूलाई नेपालको उच्च शिक्षामा समावेश गरिनु पर्ने आवश्यकता महसुस गरियो र फल स्वरुप २०२८ मा त्रिभुवन विश्वविद्यालयको स्वरुप र संगठनमा महत्वपूर्ण परिवर्तन आयो । देश भरका कलेजहरू क्याम्पस नाम धारण गरी त्रिभुवन विश्वविद्यालयको अभिन्न अंग बने भने विभिन्न प्राविधिक र साधारण विषयहरूका निमित छुट्टाछुट्टै अध्ययन संस्थानहरू स्थापना गरिए । प्राविधिक तर्फ चिकित्सा इञ्जिनियरिंग, कृषि, तथा वन विषय माथि विशेष

जोड दिइयो भने साधारण विषय तर्फ विज्ञान मानविकी (कला) बाणिज्य (पछि व्यवस्थापन), शिक्षा शास्त्र, कानून, संस्कृत आदिका लागि भिन्नाभिन्नै अध्ययन संस्थान्हरू गठन गरिए । यी सबै अध्ययन संस्थानको सामुहिक स्वरुपको रुपमा त्रिभुवन विश्व विद्यालय रहेको थियो । प्रत्येक अध्ययन संस्थानको प्रमुख एक जना डीन हुन्थ्यो र यसले विद्यार्थी भर्ना अध्ययन अध्यापन, परीक्षा संचालन उपाधि प्रदान आदि संपूर्ण शैक्षिक कार्य गर्थ्यो । यी सबै शैक्षिक तथा प्रशासनिक कार्य विश्वविद्यालयको केन्द्रीय कार्यालय तथा पदाधिकारीहरूको सुपरिवेक्षण र नियन्त्रणमा संचालन हुन्थ्यो भने शिक्षक र कर्मचारीहरूको नियुक्ति तथा बढुवाका निम्ति केन्द्रीय स्तरमा विश्वविद्यालय सेवा आयोगको गठन गरिएको थियो ।

माथि उल्लेखित त्रिभुवन विश्वविद्यालयको स्वरुपलाई विचार गर्ने हो भने त्यति बेलाको नेपाल सरकारले देश भित्र एउटै मात्र विश्वविद्यालय स्थापना गरी त्यस अन्तर्गतका विषयगत अध्ययन संस्थानहरूले आआफ्ना शैक्षिक कार्यक्रम केन्द्रको सामान्य सुपरिवेक्षण र नियन्त्रणमा रही स्वतन्त्र पूर्वक संचालन गर्न पाउने नीति लिएको देखिन्छ । देशभित्रका सम्पूर्ण क्याम्पसहरू त्रि.वि.को अभिन्न अंग बनेकोले त्यहाँ कार्यरत शिक्षक तथा कर्मचारीहरूले त्रि.वि.को स्केल बमोजिम पारिश्रमिक तथा अन्य सुविधा पाउने भएकोले तिनीहरू पूर्ण रुपले सन्तुस्ट देखिन्थे । तर केही वर्ष पछि नै ती क्याम्पसहरूले मात्रै उच्च शिक्षाको भार बहन गर्न नसकेको स्थिति आयो र धेरै क्याम्पसहरूमा विद्यार्थी भर्ना एउटा विकराल समस्याको रुपमा आयो । फलस्वरुप त्रि.वि.ले निजी क्याम्पस खोल्न दिइ समस्या समाधान गर्ने नीति लियो, र यस प्रकार फेरी त्रि.वि. अन्तर्गत दुई प्रकारका क्याम्पसहरू संचालनमा आए । यसले तत्काल समस्याको समाधान त गर्‍यो तर एकलो त्रिभुवन विश्वविद्यालयले देशभित्रका असंख्य आंगिक तथा निजी (सम्बन्धनप्राप्त) क्याम्पसहरू संतोषजनक ढंगले संचालन गर्ने नसक्ने भएकोले कम्तिमा पूर्वमा एउटा र पश्चिममा एउटा छुट्टै विश्वविद्यालय स्थापना गर्नु पर्ने धारणा अगाडि आयो । तर २०३९ मा राष्ट्रिय शिक्षा आयोगले छुट्टै संस्कृत विश्वविद्यालय स्थापना गर्नु पर्ने सिफारिस गर्‍यो र त्यसैका आधारमा २०४३ मा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भयो, जुन नेपालमा बहुविश्वविद्यालयको अवधारणाको सुरुवातको रुपमा आयो । त्यसपछि २०४८ मा काठमाडौं, २०५० मा पूर्वाञ्चल, तथा २०५३ मा पोखरा विश्वविद्यालयहरू स्थापना भए । हाल नेपालमा नौ वटा विभिन्न विश्व विद्यालयहरू संचालनमा छन् र केही अरु विश्व विद्यालय खोल्न पनि प्रयास भइरहेका छन् ।

विश्वविद्यालयहरू बीच समन्वय हुनु अति आवश्यक महसुस गरी २०५० मा विश्वविद्यालय अनुदान आयोगको स्थापना गरियो जसको दुइ मुख्य उदेश्य विश्वविद्यालयहरूको शैक्षिक स्तर बृद्धिगर्नु तथा विश्वविद्यालयहरूलाई दिइने सरकारी अनुदान समुचित तरिकाले वितरण गर्नु रहेका छन् ।

विश्वविद्यालयहरू बीच संगठनात्मक तथा कार्यगत समन्वय कायम गर्नु नयाँ विश्वविद्यालय खोल्न आवश्यक पूर्वाधार निर्धारण गर्न तथा शैक्षिक स्तर वृद्धि गर्न आवश्यक कदम चाल्नका निम्ति एउटा छाता ऐन ( उच्च शिक्षा ऐन) आवश्यक भएको धेरै अगाडिनै महसुस गरिए तापनि यसले हाल सम्म औपचारिकता पाउन सकेको छैन । यस सम्बन्धमा सबै भन्दा पछिल्लो विधयेक २०६७ मा व्यवस्थापिका- संसदमा प्रस्तुत गरिएको छ । तर २०७० मा विश्वविद्यालय अनुदान आयोगले उच्चशिक्षा नीतिको प्रस्तावना तयार गरी सावर्जनिक गरेको छ । यी दुबै दस्तावेजहरूले औपचारिक रुप लिन सकेको छैन् तर २०७० को उच्च शिक्षा निति अनुरुप २०६७ को उच्च शिक्षा विधेयकमा आवश्यक परिमार्जन हुनु आवश्यक देखिएको छ । प्रस्तुत पत्रमा यी दुवै दस्तावेजहरूको समीक्षा गर्दै नेपालमा उच्च शिक्षाका समस्या औंल्याई तिनका समाधान खोज्ने प्रयत्न गरिएको छ ।

**प्रस्तावित उच्च शिक्षा ऐन २०६७ :-**

बहु विश्वविद्यालयको अवधारणा अनुरुप उच्च शिक्षालाई अगाडि लैजाने नीति लिइसकेपछि सबै विश्वविद्यालयहरूलाई समन्वयात्मक ढंगबाट विकास गर्न तथा नयाँ खोलिने विश्वविद्यालयका लागि समेत समान मापदण्ड तयार गर्न एउटा छाता ऐन जरुरी भएको तथ्य धेरै अगाडिनै महसुस गरिएको भएता पनि यस पंक्तिका लेखकलाई प्राप्त जानकारी अनुसार उच्च शिक्षाको पहिलो ऐनको मस्यौदा २०६१ मा मात्रै तयार भएको थियो । त्यसमा आवश्यक परिमार्जन गरी २०६६ मा अर्को उच्च शिक्षा ऐन तयार भयो र त्यसमा पनि केही संशोधन गरी २०६७ मा उच्च शिक्षा विधेयकको रुपमा व्यवस्थापिका -संसदमा दर्ता गरियो । उक्त विधेयकमा भएका व्यवस्थाको विस्तृत रुपमा चर्चा नगरीकन त्यसमा गर्नु पर्ने परिमार्जन वा संशोधन बारे केही विश्लेषण गर्न चाहन्छु ।

१) ऐनले विश्वविद्यालय अनुदान आयोगलाई नयाँ नामाकरण गरी उच्च शिक्षा आयोगमा परिणत गरेको छ । अनुदान बाँड्ने निकायको रुपमा मात्रै परिचित आयोगले विश्वविद्यालयहरूबीच समन्वयकारी भूमिका खेल्नु अति जरुरी छ । तर यसको लागि आयोग र विश्वविद्यालयका अधिकार क्षेत्रस्पष्ट रुपमा परिभाषित हुनु अत्यावश्यक छ । साथै अध्यक्ष, सदस्य सचिव, तथा केही करारमा नियुक्त शिक्षकहरूले नयाँ जिम्मेवारी सम्हाल्न सकने देखिदैन । आयोगको संगठनात्मक विस्तार तथा आवश्यक जनशक्तिको उचित व्यवस्था नियम मार्फत गरिनु पर्दछ ।

२) उच्च शिक्षाको नीति निर्माण गर्ने तथा नीति सम्बन्धी आवश्यक निर्णय लिन एउटा उच्च शिक्षा परिषदको व्यवस्था गरेको छ जुन एकदम आवश्यक छ । पदाधिकारीहरू बाहेक परिषदका सदस्यका रुपमा विभिन्न विषयका दस जना लब्ध प्रतिष्ठित व्यक्तिहरू मनोनयन हुने व्यवस्था गरिएको छ । यस्तो मनोनयन पूर्ण रुपले पारदर्शी र पक्षपात रहित हुनु अति जरुरी छ । परिषद र आयोग बीच समन्वय कायम गर्न आयोगका अध्यक्ष परिषदको सदस्य सचिब हुनु जरुरी देखिन्छ । तर परिषदको सचिवालय भने शिक्षा मन्त्रालयमा रहनु उपयुक्त देखिन्छ ।

दफा नं. ४ मा मनोनीत सदस्यलाई “आफ्नो जिम्मेवारी पुरा नगरे” कुनै पनि वेला हटाउन सक्ने व्यवस्था छ । यस्तो असिमिति अधिकार दिनु उचित छैन । पदबाट हटाउनु पर्ने आधारहरू स्पष्ट रुपमा नियममा हुनु जरुरी छ ।

दफा ७८ मा उच्च शिक्षा सम्बन्धी नियम नेपाल सरकारले बनाउने कुरा उल्लेख भएको छ । त्यस्ता नियमहरू परिषदको सिफारिशमा बनाइनु जरुरी देखिन्छ ।

दफा ७९ मा विनियम बनाउने अधिकार आयोग र विश्वविद्यालयलाई दिइएको छ । विगतमा विनियम बनाउने अधिकारको धेरै दुरुपयोग भएको देखिएकोले सकेसम्म सबै बुँदा नियममानै उल्लेख गर्नु उचित हुनेछ । अत्यावश्यक अवस्थामा विनियम बनाउने अधिकार दिएता पनि त्यस्तो विनियम लगत्तै बस्ने परिषदको बैठकमा राखि अनुमोदन गराई नियममा समावेश गर्नु उचित हुनेछ ।

३) उच्च शिक्षा आयोग सम्बन्धी ऐनले गरेको व्यवस्था उपयुक्त नै देखिन्छ । तर केही बुंदामा भने ऐन बढी स्पष्ट हुनु पर्ने देखिन्छ ।

दफा ९.३ अनुसार अध्यक्षमा नियुक्त हुने व्यक्ति लामो समय देखि अध्यापन वा अनुसन्धानमा लागेको हुनु पर्ने व्यवस्था गरेको छ । आयोगको प्रमुख कार्य विश्वविद्यालयहरू बीच समन्वय गर्ने भएकोले विश्वविद्यालय सेवा अन्तर्गत अध्यापन अनुसन्धान गरी अवकाशप्राप्त व्यक्तिलाई अध्यक्ष बनाउनु राम्रो हुनेछ । आयोगको सदस्यमा अर्थ

र शिक्षा मन्त्रालयका सचिवहरू रहनु अति जरुरी छ । आयोगका लागि एक जना छुट्टै सदस्य सचिवको पनि आवश्यकता छ ।

दफा ११ मा अध्यक्ष लगायत आयोगका सदस्यहरूलाई पदबाट हटाउन सक्ने आधारहरू तोकिएका छन् । यस असिमित अधिकारको दुरुपयोग रोक्नका निम्ति नियममा स्पष्ट र पारदर्शी प्रक्रियाको व्यवस्था हुनु अति जरुरी देखिन्छ ।

दफा १७ मा आयोग मार्फत नेपाल सरकारले विश्वविद्यालयहरूलाई दिइने आर्थिक अनुदान सम्बन्धी व्यवस्था गरिएको छ । आयोग द्वारा दिइने अनुदान पारदर्शी र निष्पक्ष भएन भन्ने आवाज उठिरहेको बेला यसलाई स्पष्ट र न्याय संगत गर्नु अति जरुरी देखिन्छ । अनुदान उपलब्ध गराउँदा सार्वजनिक, सामुदायिक वा निजी विश्वविद्यालय भनी भेदभाव गर्नु भन्दा आवश्यकताको सिद्वान्तलाई मनन गर्नु जरुरी छ । यसको लागि विश्वविद्यालयको प्राज्ञिक गतिविधिको निष्पक्ष विवेचना हुनाको साथै उक्त संस्थाको आम्दानी बारे लेखाजोखा हुनु पनि अति जरुरी छ ।

४) ऐनले सार्वजनिक, सामुदायिक, र संस्थागत गरी तीन किसिमका विश्वविद्यालयहरूको परिकल्पना गरेको छ र दुई वर्ष भित्र हाल संचालनमा रहेका विश्वविद्यालयहरूलाई कुनै एक किसिममा राख्ने व्यवस्था गरेको छ । साथै ऐनले मानित तथा खुल्ला विश्वविद्यालयको पनि व्यवस्था गरेको छ । कतै निजी विश्वविद्यालयको पनि उल्लेख आएको छ भने प्रतिष्ठानलाई पनि विश्वविद्यालयको दर्जा दिन खोजिएको छ ।

माथि उल्लेखित व्यवस्थाबाट उच्च शिक्षामा के कस्ता सुधारको अपेक्षा गर्न सकिन्छ भन्ने कुरा अहिले नै भन्न सकिदैन ता पनि यी विश्वविद्यालयहरूको परिभाषा पनि ऐनले स्पष्ट संग दिन सकेको छैन, स्वरुपको कुरा त परै जावोस् । यसले गर्दा उच्च शिक्षाको स्वरुप नै अन्योलमा परेको देखिन्छ । यो ज्यादैनै संवेदनशील विषय भएकोले ऐनमा नै यस बारे स्पष्ट व्यवस्था हुनु जरुरी छ ।

हाल संचालनमा रहेका चारबटा स्वास्थ्य विज्ञान प्रतिष्ठान लाई मिल्ने गरी ऐनले त्यस्ता प्रतिष्ठानलाई विश्वविद्यालयको दर्जा दिने प्रयत्न गरेको छ । तर प्रश्न यो छ कि जब कुनै शैक्षिक संस्थाले आंगिक क्याम्पस पनि खोल्न पाउदैन र निजी क्याम्पसलाई सम्बन्धन पनि दिन पाउदैन भने त्यस्तो संस्था कसरी विश्वविद्यालय हुन सक्छ ? यसका अतिरिक्त कुनै पनि विश्वविद्यालय देशको शिक्षा नीति अन्तर्गत संचालन हुन्छ र त्यस संग सम्बद्ध सरकारी निकाय शिक्षा मन्त्रालय हुन्छ । तर यी प्रतिष्ठानहरू देशको स्वास्थ्य नीति अन्तर्गत संचालित छन् र तिनको सम्पर्क निकाय स्वास्थ्य मन्त्रालय रहेको छ । साथै यी प्रतिष्ठानका सहकुलपति स्वास्थ्य मन्त्री हुने र राष्ट्रिय योजना आयोगको स्वास्थ्य हेर्ने सदस्यले सभामा प्रतिनिधित्व गर्ने भएकोले यीनको संचालन सम्बन्धी व्यवस्था स्वास्थ्य मन्त्रालय अन्तर्गत छुट्टै रुपमा हुनु पर्ने देखिन्छ ।

५) ऐनको अनुसूचीमा कुनै पनि विश्व विद्यालय खोल्न चाहिने पूर्वाधारको विस्तृत व्यवस्था गरिएको छ । विश्व विद्यालयका निम्ति चाहिने जग्गा भवन, अक्षय कोष, विद्यार्थी संख्या, तथा अन्य भौतिक सुविधाका बारे विस्तृत चर्चा भए पनि प्राज्ञिक गतिविधि बारे भने ऐन प्राय मौन छ । विश्वविद्यालय भनेको प्राज्ञिक थलो हो र यसको स्तर भौतिक सुविधाले भन्दा प्राज्ञिक गतिविधिले निर्धारण गर्दछ । अतः खोल्न स्कीकृति दिनु भन्दा अगाडि उक्त विश्वविद्यालयले प्राज्ञिक स्तर कायम राख्न सक्छ वा सक्दैन भन्ने बारे गम्भीरतापूर्वक सोच्नु पर्ने छ । नयाँ खोलिने विश्वविद्यालय विषयगत वा क्षेत्रीय हुनु पर्ने मेरो व्यक्तिगत धारणा छ । यसले स्नातक, स्नातकोत्तर, तथा विद्यावारिधि, तीनै तह, समेट्नु पर्ने छ ।

६) ऐनले सबै विश्वविद्यालयहरूमा रहने पदाधिकारी तथा निकाय सम्बन्धी विस्तृत व्यवस्था गरेको छ । विश्व विद्यालय संचालनमा एकरुपता ल्याउन यस्तो व्यवस्था गर्नु अति जरुरी छ । तर प्रत्यक

विश्वविद्यालयको कार्य क्षेत्र र स्वरुप भिन्न भिन्नै हुने भएको ले त्यस भित्रका निकायहरूको गठन तथा पदाधिकारीको कामकर्तव्यमा केही फरक हुनु स्वाभाविक छ । अतः यी निकाय एवम पदाधिकारीका सम्बन्धमा आवश्यक कुरामात्रै ऐनमा उल्लेख गरी अन्य विस्तृत व्यवस्था विश्वविद्यालयको विधानमा हुनु उपयुक्त देखिन्छ । विशेष गरी विश्वविद्यालय सभामा मनोनीत हुने सदस्यका सम्बन्धमा प्रत्येक विश्वविद्यालयले आफ्नो स्वरुप र कार्य क्षेत्रका आधारमा आवश्यक व्यवस्था गर्ने प्रावधान हुनु जरुरी देखिन्छ ।

७) ऐनले प्रत्येक विश्वविद्यालयमा शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाका लागि एउटा सेवा आयोग रहने व्यवस्था गरेको छ र हाल संचालनमा रहेका विश्वविद्यालयहरूमा कायम रहेको व्यवस्था पनि यही नै हो । तर यी सेवा आयोगहरूको कार्यमा एकरुपता नभएको गुनासो बारम्बार आउने गरेको छ । विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक स्तर उच्च राख्न शिक्षकहरूको नियुक्ति तथा वढुवामा एकरुपमा आउन जरुरी देखिन्छ र त्यसको निम्ति सबै विश्वविद्यालयका निम्ति एउटै सेवा आयोगको व्यवस्था गर्न सके शैक्षिक स्थितिमा ठूलो सुधार आउने मेरो व्यक्तिगत धारणा रहेको छ । यो कार्य अलि कठिन देखिए पनि व्यवहारमा ल्याउन सके राम्रो हुने देखिन्छ ।

सेवा आयोगको सम्बन्धमा ऐनले गरेको व्यवस्था उपयुक्त छ । तर यदि सबै विश्वविद्यालयका लागि एउटै सेवा आयोगको व्यवस्था गर्ने हो भने त्यसमा केही थप व्यवस्था गर्नु पर्नेछ । पहिलो कुरा त सेवा आयोगका अध्यक्ष तथा सदस्य सरकारी वा विश्वविद्यालय सेवाबाट अवकाश प्राप्त व्यक्ति हुनु पर्दछ । त्यसमा पनि अध्यक्ष विश्वविद्यालय सेवाबाट अवकाश प्राप्त ब्यक्ति हुनु उपयुक्त हुने छ । दोश्रो कुरा, अन्तर्वार्तामा कम्तिमा तीन जना विषय विशेषज्ञका साथै सम्बन्धित विश्व विद्यालयको प्राध्यापक वा कर्मचारीको लागि कम्तिमा प्रशासक तहको प्रतिनिधि रहनु जरुरी देखिन्छ । र तेश्रो, लोक सेवा आयोगले तोकेको सदस्यको हकमा नीजको कार्यकाल एक वर्षको मात्रै हुनु पर्ने छ । ता कि लोक सेवा आयोगका धेरै सदस्यको सहभागिता विश्वविद्यालय सेवा आयोगमा रहन सकोस् ।

यो व्यवस्था हुन सकेमा सरकारी सेवाका निम्ति लोक सेवा आयोगले खेल्ने भूमिका विश्वविद्यालय सेवाका लागि सेवा आयोगले खेल्ने छ र एकरुपता नभएको भन्ने गुनासोको पनि अन्त हुन्छ ।

८) हाल नेपालमा विदेशी विश्वविद्यालयको उपाधि पाउने गरी अनेकन शैक्षिक संस्थाहरू संचालनमा रहेका छन् र तिनीहरूका कार्यकलापबारे धेरै आलोचना पनि भएका छन् । तर प्रस्तावित ऐन यस विषयमा मौन रहेको छ । यस विषयको देशको उच्च शिक्षा संग सोझो सम्बन्ध भएकोले यस बारे केही महत्वपूर्ण निर्णय लिने अधिकार उच्च शिक्षा परिषदलाई दिनु अनिवार्य देखिन्छ । साथै प्रस्तावित ऐनले हाल कायम रहेका सबै विश्वविद्यालय ऐन खारेज गरेको छ । बैकल्पिक व्यवस्था नगरिकन यी ऐनहरू खारेज हँदा कानूनी रिक्तता पैदा भई महत्वपूर्ण कार्यहरूमा अबरोध पैदा हुन सकछ । अतः बैकल्पिक व्यवस्था भइ सके पछि मात्रै यी ऐनहरू खारेज हुने व्यवस्था हुनु अनिवार्य छ ।

**उच्च शिक्षा नीतिको प्रस्तावना :-**

वि.सं.२०७० मा विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षा नीतिको प्रस्तावना सार्वजनिक गरेको छ र यसलाई आवश्यक कार्यार्थ शिक्षा मन्त्रालयमा पठाएको छ । पहिले उच्च शिक्षा नीति आई त्यसैका आधारमा उच्च शिक्षा ऐन बन्नु पर्नेमा उच्च शिक्षा विधेयक व्यवस्थापिकामा प्रस्तुत भएको तीन वर्ष पछि उच्च शिक्षा नीति आउनुलाई बग्गीलाई घोडाले होइन घोडालाई बग्गीले तान्ने भन्ने उखान चरितार्थ भए जस्तो देखिन्छ ता पनि

विज्ञ हरूको राय सल्लाह लिई तयार गरिएको यो एउटा महत्वपूर्ण दस्तावेज हो र यसैका आधारमा प्रस्तावित उच्च शिक्षा ऐनमा आवश्यक परिमार्जन गर्न सकिन्छ ।

प्रस्तावनाले उच्च शिक्षा सम्बन्धी रणनीतिलाई पाँच भागमा विभाजित गरेको छ । ती हुन् (क) राष्ट्रिय आवश्यकता अनुकुल उच्च शिक्षाको दिशा निर्देश (ख) उच्च शिक्षा संस्थाहरूको स्थापना तथा सुदृढीकरण (ग) स्वदेशी तथा विदेशी विश्वविद्यालयहरूका सम्बन्धमा सञ्चालित उच्चशिक्षा संस्थाहरूको नियमन (घ) उच्च शिक्षामा गुणस्तरको सुनिश्चितता तथा (ङ) उच्च शिक्षामा लगानी तथा आर्थिक नियमन सम्बन्धी नीति ।

प्रत्येक शीर्षकमा पहिले समस्या र चुनौतिहरू औंल्याई त्यसका समाधानका लागि नीतिगत प्रस्ताव प्रस्तुत गरिएका छन् । नीतिगत प्रस्तावमा त्यत्तिको नयाँ कुरात देखिदैन , तर पुरानै सफलता पूर्वक कार्यन्वयन हुन नसकेको बुँदाहरूलाई नयाँ ढंगबाट कार्यान्वयनमा ल्याउने प्रतिवद्धता भने जाहेर गरिएका छन् । सबै जसो नीतिगत प्रस्ताव सैंद्धान्तिक धरातलमा टेकेर प्रस्तुत गरिएका छन् र तिनको कार्यान्वयनमा आउन सक्ने व्यवधान बारे त्यतिको ध्यान दिइएको छैन । साथै केही नीतिगत प्रस्तावहरू अस्पष्ट छन् भने तिनको व्यवहारिक पक्षमाथि पनि ध्यान दिइएको देखिंदैन । यसको निम्ति विश्वविद्यालय अनुदान आयोगले सरोकार पक्षलाई सम्मिलित गरी एउटा गोष्ठी गर्नु पर्ने र त्यसमा आफ्ना भनाइहरू स्पष्ट गरी गोष्ठीबाट आएका सुझाव माथि विचार गरी उच्च शिक्षा नीतिको प्रस्तावनामा आवश्यक परिमार्जन गर्नु पर्ने देखिन्छ । अतः यहाँ नीतिगत प्रस्तावनामा उठाइएका केही  महत्वपूर्ण बंदाहरूको मात्रै समीक्षा गरिएको छ ।

१) विश्वविद्यालयको सबै भन्दा तल्लो तर अति महत्वपूर्ण अंग भनेको क्याम्पस नै हो । आंगिक होस् या सम्बन्धन प्राप्त क्याम्पसमा सुचारु ढंगले स्तरीय पठनपाठन हुने हो भने विश्वविद्यालयको प्राज्ञिक वातावरण स्वत नै राम्रो हुन्छ । स्वायत्तता र विकेन्द्रीकरणका आधारमा व्यवस्थापन गर्दैमा क्याम्पसको वातावरण सुधिने होइन । पठन पाठनमा आउने व्यवधानलाई हटाउनु सबैभन्दा ठूलो चुनौति हो र यसबारे नीति गत प्रस्तावमा खासै उल्लेख भएको छैन । स्थानीय क्याम्पसहरूलाई समुह (Cluster) मा आवद्ध गरी सधन उच्च शिक्षा इकाइको रुपमा विकसित गर्न खोज्नु राम्रो प्रयाश हो । तर यस्तो प्रयोग २०२८ मा नयाँ शिक्षा योजनाले गरिसकेको छ । एकै क्षेत्रका क्याम्पसहरूलाई समुहमा आवद्ध गरी ती मध्ये एउटा सवल क्याम्पसलाई लिड क्याम्पस बनाउने त्यति बेलाको योजनाको ठूलो विरोध भएको थियो । अत : यो व्यवस्थालाई कुनै पनि क्याम्पसको प्रतिष्ठामा आँच नआउने गरी लागु गर्नु पर्छ ।

२) प्रस्तावनामा छ वटा अन्तराष्ट्रिय अध्ययन केन्द्रहरू स्थापना गरी विसित गर्दै लैजाने कुरा उल्लेख भएको छ (पृ.१०) तर त्यस्ता केन्द्रहरू कुन प्रयोजनको लागि स्थापना गर्ने र त्यसले उच्च शिक्षाको विकासमा कसरी योगदान दिन्छ भन्ने बारेमा प्रस्तावना मौन छ । अहिलेको स्थितिमा धेरै महत्वाकांक्षी नभई उच्च शिक्षाको विकासमा मात्रै सीमित हुनु जरुरी देखिन्छ ।

३) विश्वविद्यालय भित्र अनुसन्धान परियोजना संचालन गराउनु, एम.फिल. विद्यावारिधिको निम्ति छात्रवृत्ति प्रदान गर्नु, आफ्नो विषय संग सम्बन्धित अन्तर्राष्ट्रिय गोष्ठीहरूमा भाग लिन शिक्षकहरूलाई आंशिक सहयोग दिनु आदिकार्य सम्बन्धित विश्वविद्यालयको हो, विश्वविद्यालय अनूदान आयोगको होइन । तर प्रस्तावनामा हालकै व्यवस्थालाई कायम राख्दै यी कार्यहरू उच्च शिक्षा आयोगले गर्नु पर्ने कुरामा जोड दिइएको छ । यसबाट शिक्षक तथा शोधार्थीहरू आफ्नो विश्वविद्यालय प्रति नभई उच्च शिक्षा आयोग प्रति अनुग्रहित हुने अवस्था आउँछ, जुन उच्च शिक्षाको विकासको निम्त राम्रो लक्षण होइन । यस्ता प्राज्ञिक कार्यहरू विश्वविद्यालय भित्र सम्पन्न गर्ने वातावरण तयार गर्नु पर्छ र यसको नियमित अनुगमन भने आयोगले गर्नु पर्ने हुन्छ ।

आयोगले सम्बन्धन प्राप्त क्याम्पसहरूलाई सक्दो आर्थिक अनुदान दिने नीति सह्राहनीय छ । तर नियमित बाहेक अन्य प्रकारका आर्थिक सहयोगका निम्ति सम्वन्धित विश्वविद्यालय संगको परामर्शमा मात्रै दिइने व्यवस्था हुनु पर्छ । यसले विश्वविद्यालय प्रति क्याम्पसको जिम्मेवारीलाई सुदृढ गर्नेछ ।

४) दुर्गम स्थानमा रहेका व्यक्तिहरूका लागि खुल्ला विश्वविद्यालय एवम् दुर शिक्षा प्रणालीको संस्थागत विकास गर्ने प्रस्तावनामा उल्लेखित लक्ष प्रशंसनीय छ । तर त्रि.वि. अन्तर्गतका विभागहरू जहाँ विद्यार्थी संख्या न्युन छ वा भर्नाको चाप अत्यधिक छ, दुबैका लागि दुर शिक्षा प्रणाली रामवाण सावित हुन सक्छ । यस तर्फ आयोगको ध्यान गएको देखिंदैन ।

५) आज सम्म मस्यौदा गरिएका तीनै वटा उच्च शिक्षा ऐनहरू (२०६१, २०६६, २०६७) मा उच्च शिक्षा सम्बन्धी नीति निर्माण तथा नीतिगत निर्णयका लागि एउटा उच्च स्तरीय परिषद गठन गर्ने कुरा उल्लेख भएका छन् । तर प्रस्तुत शिक्षा नीतिले यसलाई विलकुलै बेवास्ता गरी आयोगले शिक्षा मन्त्रालय अन्तर्गतको उच्च शिक्षा हेर्ने निकाय अन्तर्गत रही कार्य गर्न खोजेको देखिन्छ । किनकि प्रस्तावनामा उच्च शिक्षा परिषदको कतै उल्लेख नै छैन । वास्तवमा नीति निर्माणका निम्ति प्रधानमन्त्री, शिक्षा मन्त्री लगायत उच्च पदाधिकारीका साथै विभिन्न विषयका विज्ञहरू सम्मिलित उच्च शिक्षा परिषदको एकदमै आवश्यकता छ । परिषदले निर्धारण गरेको नीतिलाई कार्यान्वयन गर्ने जिम्मेवारी भने उच्च शिक्षा आयोगले बहन गर्नु पर्ने छ ।

**<u>समस्या र समाधान :–</u>**

नेपालमा हाल नौ वटा विश्व विद्यालयहरु संचालनमा छन् । ती मध्ये तीन वटा (संस्कृत, वौद्ध तथा कृषि र वन) विषयगत विश्वविद्यालयका रुपमा रहेका छन् भने चार वटा (पूर्वाञ्चल, पोखरा, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल) क्षेत्रीय विश्वविद्यालयका रुपमा । सबैभन्दा ठूलो र पुरानो त्रिभुवन विश्वविद्यालयले देश व्यापी रुपमा साठी वटा आंगिक तथा आठ सय भन्दा बढी सम्बन्धन प्राप्त क्याम्पसहरु संचालन गरिरहेको छ भने निजी विश्वविद्यालयको रुपमा रहेको काठमाडौं विश्वविद्यालयको प्राज्ञिक क्षेत्र केही खास विषयमा सीमित छ ।

त्रि.वि. को भार कम गर्ने उद्देश्यले आएको बहु विश्वविद्यालयको अवधारणा विपरित पूर्वाञ्चल र पोखरा विश्वविद्यालयले आफ्नो क्षेत्र भित्रका त्रि.वि.का क्याम्पसलाइ आफू अन्तरगत ल्याउने कुनै प्रयास गरेन, हालाकि सम्बन्धित ऐनहरुमा त्यस बारे व्यवस्था गरिएको थियो । २०६७ मा स्थापना भएका तीन वटा (मध्य पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल, कृषि र वन) विश्वविद्यालयहरुलाई त्रि.वि. का केही 'खास' क्याम्पसहरु दिने कुराको त्रि.वि.ले विरोध गरेको छ भने यी नयाँ विश्वविद्यालयहरु आफ्ना क्षेत्र वा विषयसँग सम्बन्धित त्रि.वि.का सबै क्याम्पसहरु लिन तयार देखिएका छैनन् । यसरी विश्वविद्यालयको स्वरुपमा नै प्रश्न चिन्ह खडा भएको छ ।

पूर्वाञ्चल, पोखरा, मध्यपश्चिमाञ्चल तथा सुदुर पश्चिमाञ्चल क्षेत्रीय विश्वविद्यालय हुन् कि होइनन् ? यदि हुन् भने आफ्नो क्षेत्र भित्रका त्रि.वि.का क्याम्पसको जिम्मा यी विश्वविद्यालयले लिने कि नलिने ? कृषि र वन विषयगत विश्वविद्यालय हो कि होइन ? यदि हो भने विषय सँग सम्बन्धित त्रि.वि. का क्याम्पसहरु यस अन्तर्गत आउने कि नआउने ?

यी प्रश्नको उत्तर दिन सजिलो छैन । विश्वविद्यालय अनुदान आयोगले यस बारे पहल गर्नु पर्छ र सबै विश्वविद्यालयले यसमा सहयोग पुऱ्याउनु पर्छ । यसका अतिरिक्त म केही सुझाव दिन चाहन्छु, जुन उच्च शिक्षा नीति परिमार्जन गर्दा ध्यान दिनु पर्ने मेरो धारणा छ ।

१) निकट भविष्यमा नै नयाँ विश्वविद्यालयहरु खोलिँदै छन् र त्यसका लागि विधेयकहरु पनि तयार भइ सकेका छन् भन्ने चर्चा जतातत्तै सुनिन्छ । आवश्यकता अनुसार नयाँ विश्वविद्यालय खोल्नु राम्रो कुरा हो । तर हाल विद्यमान विश्वविद्यालयहरुको स्वरुप र कार्य क्षेत्र निर्धारण नगरी हतारमा नयाँ विश्वविद्यालय खोल्नु उपयुक्त देखिँदैन ।

२) आजकल सबै जसो विश्वविद्यालयमा नयाँ विषय संचालन गर्ने होड नै चलेको छ । समयानुकुल नयाँ विषय थपिँदै जानु निश्चय पनि शुभ संकेत हो, तर यसले पुराना विषय माथि पर्ने प्रभावलाई पनि विर्सनु हुँदैन । आज धेरै जसो पुराना विषयहरु विद्यार्थीविहिन बन्दै गएका छन् । यदि नयाँ विषयलाई पुरानो विषय अन्तर्गत विशिष्टिकरण गरी राख्ने हो भने यो समस्या समाधान हुन सक्छ र यसले नयाँ विषयको पठन पाठनमा पनि वाधा पुग्ने छैन ।

३) विश्वविद्यालयले दिने शिक्षा रोजगारीमूलक हुनु पर्ने धारणा विभिन्न क्षेत्रबाट बारम्बार उठेको छ । तर प्रश्न उठ्छ-के रोजगारीमूलक शिक्षा मात्रै विश्वविद्यालयको उद्देश्य हो ? देशलाई दार्शनिक, राजनीतिशास्त्री, संस्कृतिविद् अर्थशास्त्री, इतिहासकार, संगीतज्ञ आदिको आवश्यकता छ कि छैन ? यदि रोजगारी कै निम्ति मात्रै उच्च शिक्षा प्राप्त गर्ने हो भने अन्तर्राष्ट्रिय जगतमा देशले आफ्नो पहिचान कसरी देखाउन सक्छ ?

४) आज नेपाल गणतान्त्रिक मुलुक बनेको छ र भावि संविधान मार्फत् संघीयतामा प्रवेश गर्दैछ । संघीयताको स्वरुप निर्धारण भए पछि उच्च शिक्षा नीति एवं छाता ऐनमा समेत महत्वपूर्ण हेरफेर हुन सक्छ । अतः संविधान जारी भई संघीयताको स्वरुप निर्धारण भइ सकेपछि मात्रै आवश्यक परिमार्जन सहित उच्च शिक्षा नीतिलाई कार्यान्वयनमा ल्याउनु उचित देखिन्छ ।